(/)

(http://election.ekantipur.com/)

विश्व (/category/World)

# अन्य मुलुकमा भूकम्प जाँदा के भयो ?

- जितेन्द्र साह (/author/जितेन्द्र+साह), काठमाडौं



वैशाख १५, २०७२-ठूला खाले भूकम्पपछि विभिन्न खाले हल्ला र भ्रम फैलिन्छ। केही असामाजिक, उच्छृंखल, बदमास र अराजक तत्त्वहरूबाट कुप्रचारको प्रयास हुन्छ। आज यस्तो हुँदैछ है। भोलि यति वा उति बजे फेरि जाला जस्तो भ्रम फिंजाएर मज्जा लिनेको कमी हुन्न।

सबै जना घर छाडेर हिंडेमा चोरी र लुट गर्न सजिलो हुने नियतले पनि यस्तो गरिन्छ। हरेक विकसित, अल्पविकसित र विकसित मुलुकमा विनाशकारी प्रकृति प्रकोपपछि यस्तो अवस्था उत्पन्न हुन्छ। सर्वसाधारणमा अन्धविश्वास सिर्जना गरेर यतिखेर व्यक्तिगत फाइदा लुट्नेको पनि कमी हुन्न।

यस्तोमा स्वविवेकको प्रयोग गर्नु र भरपर्दो सरकारी तथा गैरसरकारी सञ्चार माध्यमबाट यथार्थ जानकारी लिएर घरभित्र वा बाहिर सुरक्षित व्यवस्थापन गरेर धैर्यतासाथ अघि बढ्नु उचित हुन्छ। हिन्दु पत्रिकाको अनुसार नेपालमा शनिबार गएको भुइँचालो ८० वर्षभन्दा बढीको अवधिमा हिमालय शृंखलाकै सबभन्दा नराम्रो हो। तर, भौगोलिक अवस्था र अहिलेको जनघनत्वको हिसाबले नेपालमा भयावह मानवीय हताहती भए पनि विश्वमा सन १९०० देखि अहिलेसम्म १७ वटा यस्तै प्रकृतिका भूकम्पहरू गइसकेका छन्। यी सब त्यो परिस्थितिमा अप्रत्याशित र असहनीय नै थियो।

ती मुलुकका बासिन्दा र सरकारले त्यो स्थितिको मिलेर सामना गरी पुनर्निर्माणमा लागेको तथा पुरानै अवस्थामा फर्केको देखिन्छ। सन् १९०६ को ३१ जनवरीमा दक्षिण अमेरिकी मुलुक इक्वेडरको तटदेखि टाढा ८.८ रेक्टर स्केलको भुइँचालोपछि सुनामी जाँदा कम्तीमा ५ सयको मृत्यु भयो। धेरै दिनसम्म यसको प्रभाव रह्यो। प्रविधि र साधनस्रोतको विकासको हिसाबले त्यो बेला उक्त मुलुकका लागि यो अकल्पनीय घटना थियो। विभिन्न आदिवासी समूहको बसोबास भएको त्यो मुलुकमा नागरिकले एक अर्कामा सही सूचनाको परवाह गर्दै एकभएर यसको समाधान गरी स्थितिलाई सामान्य बनाए।

सन १९२२ को ११ नोभेम्बरमा चिली र अर्जेन्टिनाको बोर्डरमा सुनामीलाई निम्तो दिनेगरी ८.५ रेक्टरको कम्पन गयो। यसबाट चिलीको पूरा समुद्री तट बर्बाद भयो। त्यसैगरी रुसको सुदूर पूर्वको कामचाट्कामा सन १९२३ को फेब्रुअरी ३ मा ८.५ रेक्टरको झट्का गयो। सन १९५२ को ४ नोभेम्बरमा उक्त क्षेत्रमा ९ रेक्टर स्केल तीव्रताको भुइँचालो जाँदा हवाई क्षेत्रमा ९.१ मिटरसम्म छाल उठेको थियो। ईश्वरको कृपा भएमा कसैको केही बिग्रन्न भनेझैं त्यहाँ कुनै क्षति भएन।

भनिन्छ त्यहाँकावासीले नआत्तिई परिस्थितिको सामना गरे। यसले कम हताहती हुनुका साथै भौतिक क्षतिको पुनर्निर्माणमा सहयोग पुर्‍यायो। सन् १९३८ को १ फेब्रुअरीमा इन्डोनेसियाको बन्द समुद्रमा माथि उल्लेखित प्रकृतिको भूकम्प जाँदा सुनामी आयो।

त्यो क्षेत्रमा बस्नेले पहिले तीतो अनुभवबाट पाठ सिक्दै यस्तो परिस्थितिमा एक अर्काको क्षमता र ज्ञानको साटासाट गर्दै अघि बढ्े। तिब्बती प्लेटहरूको गतिविधिलाई नेपालमा भुइँचालो मुख्य कारण मानिन्छ। त्यही तिब्बतमा सन् १९५० को १५ अगस्तमा ८.६ तीव्रताको भूकम्पमा कम्तीमा ७ सय ८० का ज्यान गयो। शोकको त्यो घडीबाट बाहिरिन उनीहरूलाई पनि समय लागेको थियो। तर, सामुदायिक मेलमिलापमा विश्वास राख्ने उनीहरू ढिलोचाँडो पुरानो स्थितिमा पुनरागमन गरे। सन् १९५७ को ९ मार्चमा अमेरिकी राज्य अलास्काको आन्द्रियानोफ द्वीपहरूमा ८.६ तीव्रताको जाँदा १६ मिटरसम्म अग्लो सुनामी गयो।

सन १९६४ को २८ मार्चमा अलास्कामा ९ रेक्टर स्केलको भूकम्प जाँदा सुनामीमा १ सय २८ सहित १ सय ३१ को ज्यान गयो। सन १९६५ को ४ फेब्रुअरीमा उक्त क्षेत्रमै ८.७ गतिको झट्कामा ११ मिटरसम्म सुनामी उठ्यो। तर, सन् १९६० को २२ मेमा दक्षिण चिलीमा ९.५ तीव्रतासँगै सुनामीले १ हजार ७ सय १६ को ज्यान लियो। यसले चिलीलाई गहिरो शोकमा लग्यो। त्यहाँ महिनौंसम्म कम्पनहरू महसुस भइरहे।

धेरै दिनसम्म अस्थायी शिविरमा बसेका उनीहरूलेपछि यस्तो अवस्थामा आश्रय लिन सक्ने घरभित्रै मजबुत थलोहरूको निर्माण गरे। घर निर्माणमा वैज्ञानिक मापदण्डमा जोड दिन थालियो। यस्तो खाले प्रकोपको भविष्यवाणी गर्ने संसारमा अहिलेसम्म कुनै यन्त्र वा सूत्रको विकास भएको छैन। त्यही भएर सन २०१० को २७ फेब्रुअरीमा कसैले अनुमान वा भविष्यवाणी गर्नै नपाउँनेगरी चिलीमै ८.८ रेक्टरको झट्कासहित सुनामी जाँदा थप ५ सय २४ ले ज्यान गुमाउनुपर्‍यो।

सन् १९६३ को १३ अक्टोबरमा रुसको कुरिल द्वीपमा ८.५ तीव्रताको जाँदा पनि केही भएन। यसबाट सबै भुइँचालोले क्षति नै गर्छ भन्ने होइन। यो कुन ठाउँमा र कसरी गयो भन्नेमा भर पर्छ।

सन् २००४ को २६ डिसेम्बरमा इन्डोनेसियामा गएको ९.१ रेक्टर स्केलको भूकम्पसहित आएको सुनामीमा दर्जनौं मुलुकमा २ लाख ३० हजारको ज्यान गयो। त्यहाँ पनि धेरै घण्टौं र दिनसम्म झट्का र कम्पनहरू महसुस भए। एक दशकपछि पनि त्यसको प्रभाव कायमै छ। त्यहाँको समग्र आर्थिक तथा सांस्कृतिक वातावरणमा यसको प्रभाव पर्‍यो। तर, त्यहाँ दलीय स्वार्थ र जातीय द्वन्द्वलाई थाँती राखेर सबैजना मुलुक बनाउनमा लागे। एक दशकमै त्यहाँको सामाजिक, सांस्कृतिक र ऐतिहासिक धरोहरलाई पुरानै अवस्थामा फर्काइयो।

सन् २०० [illegible] को २८ मार्चमा इन्डोनेसियाकै उत्तरी सुमात्रामा ८.६ रेक्टर स्केलको शक्तिशाली झट्काले थप १ हजार ३ सयको ज्यान लियो। जानिफकारहरूका अनुसार [illegible] धेको अ[illegible] पूर्व स[illegible] कारण [illegible] कम क्षति भएको थियो। पटक–पटकको भुइँचालोले जमिन र घर दुवै कमजोर भएकाले यसले निरन्तर[illegible] लिन सक्छ। सन् २००७ को १२ सेप्टेम्बरमा सुमात्रा[illegible] ८.५ रेक्टरको भुइँचालोमा फेरि २५ को ज्यान गयो।

(http://www.ekantipur.com)

अनेक थरी ज्ञान, विज्ञान र प्रविधियुक्त अहिलेको समयमा पनि भूकम्पको त्राही जारी छ। २०११ को ११ मार्चमा जापानको उत्तरपूर्वी तटदेखि टाढाको क्षेत्रमा ९ रेक्टरको भुइँचालोमा १८ हजारभन्दा बढीको मृत्यु भयो। संवेदनशील भौगोलिक वनावटका कारण जापानमा भूकम्पको लामै इतिहास छ। अति विकसित र उच्च प्रविधिमा राम्रो पहुँच राख्ने जापानले पनि यसको भविष्यवाणी गर्न वा रोक्ने उपाय खोज्न सकेको छैन। उसले भूकम्प प्रतिरोधक भवन निर्माण र नागरिकबीच सही जानकारी प्रभावमा जोड दिएको छ।

बुझ्नुपर्ने के छ भने तटीय वा सामुन्द्रिक क्षेत्रमा भूकम्प जाँदा मौसमविद्हरूले सुनामीको चेतावनी जारी गर्नसक्छन्। तर, उनीहरूसँग भूकम्पको पूर्व र किटान भविष्यवाणी गर्ने क्षमता वा हैसियत छैन। यस बारेमा अहिलेसम्म खोज जारी नै छ। उदाहरणको रुपमा सन २०१२ को ११ अप्रिलमा इन्डोनेसियाकै उत्तरपूर्वी सुमात्रामा ८.६ तीव्रताको भूकम्प जाँदा अन्तर्राष्ट्रिय विद्हरूले दुई दर्जनभन्दा बढी मुलुकहरूमा सुनामीको चेतावनी जारी गरे। तर यसअघि नै भूकम्प जाने भविष्यवाणी गर्न सकेनन्। त्यसैगरी भूपरिवेष्ठित

राष्ट्रहरूमा पनि भूकम्प आउने वा नआउने किटानी गर्ने कुनै संयन्त्र छैन।

विश्वको जुनसुकै कुनामा किन नहोस्, रहस्मय प्रकृति प्रकोप भुइँचालो जाँदा सबैको अनुभव उही हुन्छ। आफैंलाई पर्दा बढी पीडा हुनु स्वाभाविक हो। मनन गर्नैपर्ने कुरा के छ भने यो जहाँ र जतिसुकै बेला जानसक्छ। तर, कमजोर भवन निर्माण र हतास एवं हतारमा उम्कन खोज्दा ज्यान जाने हो। घरभित्र र बाहिर हामी जुनसुकै परिस्थितिमा रहेको बेला पनि यो प्रकोप आइलाग्न सक्छ। त्यस्तोमा एक छिन सोचेर पाइला चाल्नु उपयुक्त हुन्छ। कुनै पनि घटना भएपछि वा हुन थालेपछि आत्तिएर वा छटपटिएर वा चिच्याएर समाधान निस्कन्न। त्यसका लागि सोचविचार गर्नैपर्छ। सरकारले मित्र एवं छिमेकी राष्ट्रहरूसँग सहयोग मागेझैं हामी पनि नजिकको छरछिमेक र स्थानीयको सहयोगले हातेमालो गर्दै अगाडि बढ्न सक्छौं।

*(एजेन्सीहरूको सहयोगमा)*

*प्रकाशित: वैशाख १५, २०७२*

Like 0




अर्को समाचार
सौगातको हुलिया ! (/news/2016-07-02/20160702162555.html)

तपाईको प्रतिक्रिया

**कमेन्टको लागि यहाँ click गर्नुहोस्**

**फेसबूक कमेन्ट गर्नुहोस्**

**0 Comments** Sort by Oldest



Add a comment...

Facebook Comments Plugin

**फेसबूक छैन? यो फारम प्रयोग गर्नुहोस्**

Loading...

## थप केही **विश्व (/category/World)**बाट

टर्कीमा एम्नेस्टी निर्देशक पक्राउ (/news/2017-07-07/20170707100356.html)
असार २३, २०७४
पूरा पढ्नुहोस् › (/news/2017-07-07/20170707100356.html)

बंगलादेशमा विपक्षी कार्यकर्ता गैरकानुनी थुनामा (/news/2017-07-07/20170707100250.html)
असार २३, २०७४
पूरा पढ्नुहोस् › (/news/2017-07-07/20170707100250.html)

अमेरिका र कोरियाको जवाफी सैन्य अभ्यास (/news/2017-07-06/20170706102217.html)
असार २२, २०७४
पूरा पढ्नुहोस् › (/news/2017-07-06/20170706102217.html)

पत्रकारका हत्यारालाई मृत्युदण्ड सजाय (/news/2017-07-06/20170706101945.html)
असार २२, २०७४
पूरा पढ्नुहोस् › (/news/2017-07-06/20170706101945.html)

‘कतारको जवाफ पाइयो’ (/news/2017-07-06/20170706101910.html)
असार २२, २०७४
पूरा पढ्नुहोस् › (/news/2017-07-06/20170706101910.html)

उत्तर कोरियाले फेरि गर्‍यो मिसाइल परीक्षण (/news/2017-07-05/20170705103724.html)
असार २१, २०७४
पूरा पढ्नुहोस् › (/news/2017-07-05/20170705103724.html)

इजरायल पुगे मोदी (/news/2017-07-05/20170705103428.html)
असार २१, २०७४
पूरा पढ्नुहोस् › (/news/2017-07-05/20170705103428.html)

खाडी कूटनीतिक संकट : कतारलाई सर्त पूरा गर्न ४८ घण्टे अल्टिमेटम (/news/2017-07-04/20170704080126.html)
असार २०, २०७४
पूरा पढ्नुहोस् › (/news/2017-07-04/20170704080126.html)

भारतीय बलको उपस्थिति गम्भीर : चीन (/news/2017-07-04/20170704075806.html)
असार २०, २०७४
पूरा पढ्नुहोस् › (/news/2017-07-04/20170704075806.html)

दुर्घटनामा १८ को मृत्यु (/news/2017-07-04/20170704075548.html)
असार २०, २०७४
पूरा पढ्नुहोस् › (/news/2017-07-04/20170704075548.html)

## लोकप्रिय



नेपाली अधिकृतको शिक्षामा जापानले वार्षिक २५ करोड खर्च गर्ने (http://bit.ly/2twGTSM)

पूरा पढ्नुहोस् › (http://bit.ly/2twGTSM)



प्रधानमन्त्री बाढी प्रभावित क्षेत्रमा, जस्तापाता किन्न र टहरा बनाउन २५ हजार रुपैयाँ दिइने (http://bit.ly/2twt1Yl)

पूरा पढ्नुहोस् › (http://bit.ly/2twt1Yl)



पुरानो मुद्रा प्रदर्शनी सुरु (http://bit.ly/2twUPvZ)

पूरा पढ्नुहोस् › (http://bit.ly/2twUPvZ)



रंगशालामा राष्ट्रपतिबाट उद्घाटन (http://kantipur.ekantipur.com/news/2017-07-



दुई–तीन महिनाको कामले वर्षभरि (http://kantipur.ekantipur.com/news/2017-




चार किमि पार गर्न दुई घण्टा (http://kantipur.ekantipur.com/news/2017-07-



बाढीको भविष्यवाणी अब ३ दिनअघि नै




एमालेकै वर्चस्व (http://kantipur.ekantipur.com/news/2017-07-



विस्तार ढिलाइले सास्ती (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707075456.html)

पूरा पढ्नुहोस् › (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707075456.html)



## मुख्य समाचार

अमेरिकाले ५२ अर्ब सहयोग गर्ने (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707074730.html)



(http://kant

एमाले अध्यक्ष ओलीको गृहनगरमा एमाले विजयी (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707163525.html)

असार २३, २०७४

पूरा पढ्नुहोस् » (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707163525.html)



(http://kant

प्रधानमन्त्री बाढी प्रभावित क्षेत्रमा, जस्तापाता किन्न र टहरा बनाउन २५ हजार रुपैयाँ दिइने (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707115303.html)

असार २३, २०७४

पूरा पढ्नुहोस् » (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707115303.html)



(http://kant

वेनी–जोमसोम यातायात बन्द (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707113936.html)

असार २३, २०७४

पूरा पढ्नुहोस् » (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707113936.html)



(http://kant

आर्थिक वर्ष सकिन १० दिन बाँकी, पुँजीगत खर्च ४५% मात्रै (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707074515.html)

असार २३, २०७४

पूरा पढ्नुहोस् » (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707074515.html)



(http://kant

तीन बालबालिकाको सामूहिक हत्या रहस्यमै (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707074331.html)

असार २३, २०७४

पूरा पढ्नुहोस् » (http://kantipur.ekantipur.com/news/2017-07-07/20170707074331.html)

त्रियुगा नगरपालिकामा एमाले विजयी (http://kantipur.ekantipur.com/news/2017-07-06/20170706232902.html)

असार २२, २०७४



पूरा पढ्नुहोस् » (http://kantipur.ekantipur.com/news/2017-07-06/20170706232902.html)

---

(http://kant

माओवादी केन्द्रको आरोप, 'मन्त्रिपरिषद् विस्तार ढिलाइ कांग्रेसका कारण' (http://kantipur.ekantipur.com/news/2017-07-06/20170706205056.html)

असार २२, २०७४

पूरा पढ्नुहोस् » (http://kantipur.ekantipur.com/news/2017-07-06/20170706205056.html)

---



(http://kant

प्रदेश ५ मा यसरी सफल भयो एमाले (http://kantipur.ekantipur.com/news/2017-07-06/20170706204847.html)

असार २२, २०७४

पूरा पढ्नुहोस् » (http://kantipur.ekantipur.com/news/2017-07-06/20170706204847.html)

---



(http://kant

पूर्व लडाकु बने गाउँपालिका अध्यक्ष (http://kantipur.ekantipur.com/news/2017-07-06/20170706193645.html)

असार २२, २०७४

पूरा पढ्नुहोस् » (http://kantipur.ekantipur.com/news/2017-07-06/20170706193645.html)

---



(http://kant

पहुँचका आधारमा बजेट बाँडिएकोप्रति सांसदको आपत्ति (http://kantipur.ekantipur.com/news/2017-07-06/20170706163229.html)

असार २२, २०७४

पूरा पढ्नुहोस् » (http://kantipur.ekantipur.com/news/2017-07-06/20170706163229.html)

---

## कान्तिपुरका स्तम्भहरु

अन्य >
अर्थ / वाणिज्य >
आईसीसी यू–१९ विश्वकप >
एनआरएन सम्मेलन विशेष >
कला >
कुराकानी >
खेलकुद >
गन्तब्य >
जीवनशैली >
देश >
नेपाली कांग्रेस महाधिवेशन >
प्रवास >
फिचर >
फोटोफिचर >
ब्लग >
भिडियो >
मनोरञ्जन >
रोचक >